


राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**सूचना**

गणतन्त्रको उपलब्धि संस्थागत गरौँ
'समृद्ध नेपाल, सुखी नेपाली'को
लक्ष्य साकार पारौँ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
*सूचना तथा प्रसारण विभाग*

वर्ष-१२ ।। अङ्क : ९५ ॥ २०७७ श्रावण १५ बिहिबार (30th Jul. 2020, Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

## बिर्तामोडमा निशेधाज्ञा लगाउने तयारी , बेलुका ५ बजेपछि बजार बन्द

***बिर्तामोड (प्रस)।*** झापा बाह्रदशी गाउँपालिकाका दुईजना कोरोना संक्रमितहरु कामका सिलसिलामा बिर्तामोड आएको पुष्टि भएपछि समुदायमा संक्रमण फैलिन सक्ने संभावनालाई मध्यनजर गरी बिर्तामोड नगरपालिकाले निशेधाज्ञा लगाउने तयारी गरेको छ ।

कोरोना भाइरस महामारी रोकथाम तथा राहत व्यवस्थापन नगरस्तरीय समिति बिर्तामोडको आज बसेको बैठकले कोरोना संक्रमण समुदायमा सरेको पुष्टि हुने बित्तिकै निशेधाज्ञा लगाउने निर्णय गरेको हो । बैठकमा समुदायमा संक्रमण सरेको पुष्टि हुने बित्तिकै निशेधाज्ञा लगाउन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय भएको नगरपालिकाका नगर उपप्रमुख पवित्रा महतारा प्रसाईले बताईन् । बाह्रदशीका संक्रमितहरुको सम्पर्कमा आएकाहरुलाई पहिचान गरी बिर्तामोड नगरपालिकाले कन्ट्याक्ट ट्रेसिङ शुरु गरेको छ । बाह्रदशीका संक्रमितहरुको सम्पर्कमा आएका बिर्तामोडका ७० जनाको नामावली तयार गरी उनीहरुको कन्ट्याक्ट ट्रेसिङ भइरहेको नगरपालिकाका फोकल पर्सन ओम खड्काले बताए । उनले ती आशंकितहरुलाई क्वारेन्टाइनमा राखिएको जानकारी दिए । 'कन्ट्याक्ट ट्रेसिङको रिपोर्ट पोजिटिभ आउने बित्तिकै निशेधाज्ञा लागू गर्छौं' उप-प्रमुख प्रसाई भनिन् । त्यस्तै कोरोना संक्रमणप्रति उच्च सतर्कता अपनाउँदै भीडभाड नगर्ने, बेलुका ५ बजेदेखि बजार बन्द गर्ने , आफै संवेदनशील भएर भीड घटाउने, शंकास्पद संक्रमितहरुको पहिचान गर्ने , सर्वसाधारणलाई सचेत गराउनेजस्ता निर्णय गरिएको उप-प्रमुख प्रसाईले बताइन् । बाह्रदशीका नेकपाका नेता तथा निजी क्लिनिक र फार्मेसी संचालन गरेका स्वास्थ्यकर्मीलाई तीन दिनअघि कोरोना संक्रमण पुष्टि भएको थियो । उनीहरूको यात्रा विवरणबारे सोधखोज गर्दा नेकपाका नेता साउन ५ गते बिर्तामोड आएको खुलेको छ। ती नेताले पार्टी सदस्यताको फायल नेकपाको बिर्तामोड पार्टी कार्यालयमा बुझाएका थिए । आफूसँग भेटघाट गर्नेको विवरण सम्झिएर साध्य नभएको धरानमा उपचाररत ती संक्रमितले बताएका छन् । पार्टी काम र सामाजिक संघसंस्थाको बैठकमा पनि उनको सहभागिता रहेको थियो । बिर्तामोड नगरपालिकामा हालसम्म ८ जनालाई कोरोना संक्रमण पुष्टि भएको छ । त्यसमध्ये ६ जना निको भएर घर फर्किसकेका छन् भने एकजना धरान र अर्का विराटनगरको आइशोलेसनमा उपचाररत रहेका छन् ।



### बाह्रदशीमा सिलपछि निशेधाज्ञा लगाइने

***राजगढ (प्रस)।*** स्थानीय समुदायमा कोरोना संक्रमण देखिएपछि सिल गरेको बाह्रदशी गाउँपालिकाले अझ कडाई गर्दै निशेधाज्ञा लगाउने तयारी गरेको छ । समुदायका थप ब्यक्तिहरुमा कोरोना संक्रमण पुष्टि भएमा निशेधाज्ञा लगाउने तयारी गरिएको गाउँपालिका कार्यालयले जनाएको छ । जिल्लामा पहिलो पटक बाह्रदशी गाउँपालिकामा समुदायका दुई ब्यक्तिमा कोरोना सरेको हो । संक्रमित हुनेहरुमा एकजना राजनीतिक कार्यकर्ता र अर्का स्वास्थ्यकर्मी रहेका छन् । बाह्रदशी ३ का नेकपाका कार्यकर्ता तथा निजी क्लिनिक र फार्मेसी संचालन गरेका वडा नं २ का स्वास्थ्यकर्मीलाई तीन दिनअघि संक्रमण देखिएको थियो । समुदायमा संक्रमण देखिएपछि गाउँपालिकाले त्यसको भोलिपल्टदेखि वडा नं १,२ र ३ सिल गरेको छ । ती संक्रमितहरुको सम्पर्कमा आएका परिवारका सदस्य , नातागोता, साथीसंगत गरी मंगलबार ४१ जनालाई कन्ट्याक्ट ट्रेसिङ गरिएको थियो । त्यसको रिपोर्ट आज बिहीबार आउने भएको छ । रिपोर्टले थप समुदायका ब्यक्तिलाई कोरोना देखाएमा निशेधाज्ञा लगाउने निर्णय भएको गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले बताए । बाह्रदशीमा कोरोना संक्रमितको सँख्या १४ पुगेको छ ।

## बंगलादेशसँगको व्यापार घाटामा

***झापा (प्रस)।*** नेपालले आर्थिक वर्ष २०७५/२०७६को तुलनामा आव २०७६/२०७७ मा पूर्वीनाकाबाट हुने बंगलादेशसँगको व्यापारमा ३९.४३ प्रतिशतले घाटा व्यहोरेको छ। आव २०७६/२०७७ मा ३ अर्ब ९९ करोड ९३ लाख रुपैयाँ व्यहोरेको हो । आर्थिक वर्ष २०७५/२०७६ मासमेत व्यापार बंगलादेशकै पक्षमा रहेको थियो । उक्त वर्ष नेपालले २ अर्ब ४१ करोड ४३ लाख ५८ हजार रुपैयाँ घाटा व्यहोरेको मेची भन्सार कार्यालय काँकडभिट्टाले जनाएको छ।

आव २०७६/२०७७ मा नेपालबाट ९५ करोड ४१ लाख ७५ हजार रुपैयाँको निर्यात हुँदा बंगलादेशबाट ४ अर्ब ९५ करोड ३४ लाख ८६ हजार रुपैयाँ बराबरको आयात भएको थियो । आव २०७५/२०७६मा १ अर्ब ३२ करोड ६१ लाख ४१ हजार रुपैयाँ बराबरको वस्तु बंगलादेश निर्यात भएको थियो । उक्त आवमा बंगलादेशबाट ३ अर्ब ७४ करोड ४ लाख ९९ हजार रुपैयाँ बराबरको वस्तु आयात भएको भन्सारको तथ्यांकले देखाउँछ । २०७५/२०७६ को तुलनामा आव २०७६/२०७७ मा निर्यातमा २८.०४ प्रतिशतले कमी भएको तथ्यांकले देखाउँछ । यस वर्ष कोरोना कहरका कारण पनि निर्यातमा कमी भएको भन्सार अधिकारी बताउँछन् । आयातभन्दा निर्यात कम भएका कारण त्यो वर्ष नेपालले पूर्वीनाकाबाट बंगलादेशसँग हुने व्यापारमा २ अर्ब ४१ करोड ४३ लाख ५८ हजार रुपैयाँ घाटा व्यहोर्नुपरेको मेची भन्सार प्रमुख ध्रुवराज विश्वकर्माको भनाई छ ।

"आव २०७३/०७४सम्म बंगलादेश मात्रै यस्तो मुलुक थियो, जुन देशसँगको व्यापार बर्सेनी नेपालको पक्षमा हुन्थ्यो । तर, पछिल्लो ४ वर्षको तथ्यांक हेर्ने हो भने व्यापार घाटा बर्सेनी बढ्दो छ" भन्सार प्रमुख विश्वकर्माले भने, "४ वर्ष अघिसम्म कृषिजन्य वस्तुको निर्यात धेरै थियो, अहिले त्यो घटेको छ, गहुँ निर्यात त ठप्प नै छ जसकारण हरेक वर्ष व्यापार घाटा बढ्दो छ ।" बंगलादेशको भन्सार दररेट बढी रहेकाले नेपालमा उत्पादन भएका कृषिजन्य वस्तुले प्रतिस्पर्धा गर्न नसक्दासमेत निर्यात घटेको मेची भन्सारले जनाएको छ । कृषिजन्य वस्तुको उत्पादन र निर्यातमा कमी साथै आयातको तुलनामा निर्यात कम हुनु पनि व्याापार घाटाको कारण रहेको भन्सार प्रमुख विश्वकर्मा बताउँछन् । पूर्वीनाकाबाट हुने कुल व्यापारको १५ देखि २० प्रतिशत

❖**बाँकी पृष्ठ ४ मा**

## हाम्रो नेपाल साकोसको आठौं वार्षिकोत्सव

***बिर्तामोड (प्रस)।*** झापाको बिर्तामोड -४ मा मुख्य कार्यालय रहेको हाम्रो नेपाल वचत तथा ऋण सहकारी संस्थाले आठौं वार्षिकोत्सव मनाएको छ ।

संस्थाका अध्यक्ष भवानीप्रसाद दंगालको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सल्लाहकार संयोजक भगीरथ आले मामा



,लेखा सुपरिवेक्षण समितिका संयोजक कृष्णराज कटुवाललगायतले शुभकामना दिएका थिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष दंगालले २०६९ साल साउन १४ गते स्थापना भएको संस्थाको सेवाकेन्द्र १५ वटा , शेयर सदस्य १० हजार चार सयजना , शेयर पुँजी सात करोड ४७ लाख ९९ हजार पाँच सय रुपैयाँ , निक्षेप संकलन ४७ करोड ९० लाख ६९ हजार छ सय ४० रुपैयाँ , ऋण लगानी ६३ करोड २५ लाख ४६ हजार दुई सय ६४ रुपैयाँ रहेको बताए । त्यस्तै संस्थाको आम्दानी नौ करोड ४९ लाख २८ हजार छ सय ३३ रुपैयाँ , खर्च आठ करोड ९३ लाख २७ हजार ३९ रुपैयाँ र संस्थाले ५६ लाख एक हजार पाँच सय ९३ रुपैयाँ खुद नाफा गरेको जानकारी दिए ।

त्यसैगरी संस्थाको कूल कारोवार (वासलात) ९५ करोड ६३ लाख ३० हजार नौ सय ९५ रुपैयाँ रहेको उनले जानकारी दिए ।

संस्थाले लकडाउन अवधि २०७६ चैतदेखि २०७७ असार मसान्तसम्मको चार महिनाको अवधिमा दुई हजार तीन सय ३२ जना ऋणी सदस्यहरुको पाकेको ऋणको ब्याजमा १० प्रतिशत अर्थात् २९ लाख ३७ हजार नौ सय २८ रुपैयाँ व्याज मिनाह गरेको उनले बताए । उनका अनुसार संस्थाले लकडाउन अवधि २०७६ चैतदेखि २०७७ असार मसान्तसम्मको चार महिनाको अवधिमा लिएको ऋणको १२ लाख १४ हजार रुपैयाँ हर्जाना जरीवाना मिनाह गरेको, ऋणी सदस्यहरुलाई ऋणको स्वेच्छिक किस्ता तिर्ने व्यवस्था शून्य प्रतिशत व्याजमा कर्जाको व्यवस्था मिलाइएको छ ।

कोरोना भाइरसको संक्रमणवाट बच्न तीन हजार शेयर सदस्य र संस्थाका कर्मचारी , सञ्चालक समितिका पदाधिकारी , लेखा सुपरीवेक्षण समितिका पदाधिकारी गरी एक सय ५० जनाको कोरोना बीमा गरिएको उनले बताए । लकडाउनको अवधिमा सदस्यहरुलाई स्वास्थ्य सचेतना सञ्चालन , बिर्तामोडका दुई सय १२ जना शेयर सदस्यलाई एक लाख ९० हजार रुपैयाँ वरावरको खाद्यान्न सामग्री वितरण, बिर्तामोड नगरपालिका स्थापना गरेको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा एक लाख एक हजार रुपैयाँ , अर्जुनधारा, कनकाई, भद्रपुर ,मेचीनगर , शिवसताक्षी ,गौरादह नगरपालिका , हल्दीवारी ,बाह्रदशी गाउँपालिकाको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोष र नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषमा जनही ५१ हजार रुपैयाँ गरी जम्मा छ लाख ११ हजार रुपैयाँ प्रदान गरेको उनले बताए ।

त्यसैगरी एकका लागि एक' अभियानको अगुवाईमा जनस्तरवाट झापाको सुरुङ्गा कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशालाका स्थापनाका लागि झापा जिल्ला सहकारी संघले घोषणा गरेको सहकारी अभियानमार्फत एक लाख एक हजार रुपैयाँ प्रदान गरेको उनको भनाइ छ ।

पछिल्लो समय संस्थामा सदस्यहरुको बिश्वास बढ्दै गएकाले संस्थाले दमक र केरखामा थप सदस्य सेवाकेन्द्र सञ्चालन गरेको उनले जनाए । विश्व कोरोना महामारीको संक्रमणकालीन अवस्थामा पनि संस्थाले हप्तामा छ दिन कार्यालय सञ्चालन गरी सदस्यलाई सेवा दिएको थियो । सवैको सहयोगले संस्थाको वित्तीय अवस्था परिणाममुखी भएको बताउँदै उनले झापा कोप स्टेण्डर्ड लागू गरेको पहिलो संस्था हाम्रो नेपाल वचत तथा ऋण सहकारी भएको दावी गरे ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष पृथ्वी ओली ,सदस्यहरु राजेन्द्र गौतम , कविता वुढाथोकी, शचिता राई, तुलसीराम गौतम, ऋण उपसमितिको सदस्य लोकप्रसाद ओलीलगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन संस्थाका सचिव विश्वेश्वरप्रसाद लामिछानेले गरेका थिए ।

## मास्क नलगाए सय रुपैयाँ जरिवाना



***भद्रपुर (प्रस)।*** अब मास्क नलगाउनेलाई एकसय रुपैयाँ जरिवाना गरिने भएको छ। जिल्ला कोभिड १९ संक्रमण व्यवस्थापन समिति झापाको बुधबार बसेको बैठकले बिहीबारदेखि लागू हुनेगरी सो निर्णय गरेको हो । अवोप्रान्त मास्क नलगाई एक स्थानबाट अर्को स्थानसम्म हिँडडुल गर्ने, मास्क नलगाई भेलामा जम्मा हुने व्यक्तिहरुलाई संक्रामक रोग ऐन २०२० को दफा - ३ बमोजिम एक सय रुपैयाँ जरिवाना गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानामगरले बताए । जरिवाना रकम राजश्वमा दाखिला गरिने भएको छ। मास्क लगाए- नलगाएको हेर्न अनुगमनमा खटिने प्रहरीले जरिवाना असुली रसिद दिने प्रजिअ रानामगरले बताए । त्यसको कार्यान्वयनका लागि प्रचारप्रसार र माइकिङ गरिने बताउँदै उनले त्यसपछि टीम बनाएर प्रहरी परिचालन गरिने जानकारी दिएका छन् ।

## वन्यजन्तु घटनामा ६ जनाको मृत्यु

***झापा (प्रस)।*** वन्यजन्तुसम्बन्धी घटनामा परी झापामा एक वर्षको अवधिमा ६ जनाले ज्यान गुमाएका छन् ।

वन्यजन्तुको आक्रमणमा परी तीनजनाको मृत्यु भएको हो भने आफैले थापेको पासोमा परी तीन जनाले ज्यान गुमाएका छन् । वन्यजन्तुको आक्रमणमा परी तीन जनाले ज्यान गुमाएपनि एकजनाले मात्र क्षतिपूर्ति पाएका छन् । गौरीगञ्ज गाउँपालिकामा हात्तीको आक्रमणमा परी मारिने ब्यक्तिका परिवारले मात्र १० लाख रुपैयाँ क्षतिपूर्ति पाएका हुन् । कचनकवलमा हात्तीको आक्रमणबाट मारिने कैयाराम राय क्षेत्री र बृखबहादुर राईले क्षतिपूर्ति पाएनन् । क्षेत्रीको परिवारका कुनै पनि सदस्यले



क्षतिपूर्ति दावी गरेनन् भने राईलाई वन निर्देशिकाले दिन नमिल्ने देखियो । 'क्षेत्रीको परिवारमा कोही रहेनछ' डिभिजन वन कार्यालय कार्यालयका प्रमुख विष्णुलाल घिमिरेले भने,' त्यस्तै बीच जंगलमा मारिएकाले राईले क्षतिपूर्ति नपाउने भएका हुन् ।' त्यस्तै हात्तीबाट बालीनाली जोगाउन बनाइएको विद्युतीय वेरामा परी मेचीनगरमा तीन जनाको मृत्यु भएको छ ।

एक वर्षमा जिल्लामा ४९२ वटा वन्यजन्तुसम्बन्धी घटना भएका थिए । त्यस घटनामा परेका पीडितहरुलाई ६२ लाख १२ हजार ३९५ रुपैयाँ राहत उपलब्ध गराइएको डिभिजन प्रमुख घिमिरेले बताए ।राहत पाउनेमा एकजना मृतक, दुईजना सख्त घाइते, अन्य सामान्य घाइते रहेका छन् । त्यस्तै वन्यजन्तुको आक्रमणबाट घरगोठ क्षति भएकाहरुले पनि राहत पाएका छन् । त्यसैगरी आर्थिक वर्ष २०७६–०७७ मा १५२ जनालाई सहुलियत काठ उपलब्ध गराइएको वन कार्यालयले जनाएको छ ।जिल्ला वन पैदावर आपूर्ति समितिको सिफारिसमा सहुलियत काठ उपलब्ध गराइएको घिमिरेले जनाएका छन् ।

**HD HAIR & DERMA CARE PVT. LTD.**

Our Services

- डर्माटोलोजिष्ट तथा कस्मेटोलोजिस्टहरुको विशेषज्ञ सेवा
- अत्याधुनिक मेसिनहरुद्वारा छालाको जाँच
- उच्च स्तरिय प्रविधियुक्त कस्मेटिक ल्याव
- कोठी, तिलकोठी, मुसा, काटेको, पोलेको घाउका दागहरु हटाईने
- चाया, पोतो, डण्डीफोरको सफल उपचार
- दाद सोराईसिस, एक्जिमा को उपचार
- ट्याटु तथा जन्मदाग हटाईने
- ओठ, आँखा, चिउडो, नाकको आकार लाइ मिलाइने
- ब्रेष्ट, हिपको साईज घटाउन बढाउन सकिने
- पेट तथा शरिरको बोसो घटाउन मिल्ने
- कपालको प्रत्यारोपण गरिने
- फेसियल, मेनिकेयर, पेडिकेयर, ब्राइट कम्प्लेक्सन, बडि स्पा
- Hymenoplasty ( पुनःभर्जिनिटी)

023-542804
Birtamode-1,Jhapa
9815943554
9862679549



# 'लकडाउन हैन विद्यालय खोल्नु पर्छ' –मन्त्री घिमिरे



**झापा (प्रस) ।** प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले लकडाउन कोरोना समस्याको समाधान नभएको भन्दै शिक्षालयहरु खोल्न थाल्नुपर्ने बताएका छन् । मन्त्रालयले विराटनगरमा आयोजना गरेको सरोकारवालाहरुसँगको छलफलमा मन्त्री घिमिरेले सँधैभरि विद्यालय बन्द गर्न सम्भव नहुने र शिक्षालयहरु खोल्ने तथा विद्यालयमा भएका क्वारेन्टाइनहरु हटाउदै जानुपर्ने धारणा व्यक्त गरेका हुन् । विराटनगरका ठूला अस्पतालहरु कोशी अस्पताल र विराट अस्पतालमा कोरोना संक्रमण तिब्ररुपमा फैलिएको बेला आयोजित कार्यक्रममा मन्त्री घिमिरेले जोखिम भएपनि अवस्थालाई सामान्य बनाउदै लैजानुपर्ने बताए । उनले भारतसँग सीमा जोडिएका क्षेत्रहरु झापा, मोरङ, सुनसरी, इलाम, र सप्तरीसँग जोडिएको उदयपुर बढी जोखिममा रहेको बताए । सामाजिक विकास मन्त्रालयका हेल्थ अफिसर हरिकृष्ण भट्टराईले विराटगनरमा कोरोना समुदायमा गइनसकेको जिकिर गरेका थिए । धेरै भन्दा धेरै संक्रमितमा संक्रमणको स्रोत पत्ता नलागेको अवस्थामा मात्र समुदायमा गएको मानिने भएकोले अहिले त्यस्तो केसहरु थोरै भएकोले समुदायमा गइनसकेको उनले जनाए ।

प्रदेश एकको राजधानी विराटनगरमा ट्राभल हिष्ट्री नभएकाहरुमा पनि कोरोना भाइरसको संक्रमण देखिएपछि यसको संक्रमण समुदाय स्तरमा पुगेको बताइएको थियो । सोही अनुसार लकडाउन गर्नुपर्ने आवाज पनि उठेको थियो । तर प्रदेश सरकार भने लकडाउनको विकल्प रोज्न नहुने पक्षमा उभिएको छ । छलफलमा नेकपा विराटनगरका अध्यक्ष सागर थापाले जोखिमयुक्त क्षेत्रहरु शिल गर्ने र केही समय लकडाउन गर्नु पर्ने सुझाव दिए । उनले संक्रमितहरु बढिरहेकोले संवेदनशिल हुनुपर्ने तर्क गरे । यस्तै नेपाली काग्रेस विराटगनरका उपसभापति अरुण न्यौपानेले संक्रमणको जोखिम बढेकोले एक घर एक पिसिआरको नीति मार्फत व्यापक परीक्षण गर्नुपर्ने बताए । उनले पर्याप्त परीक्षण नहुँदा जोखिम बढेको जनाए । जिल्ला समन्वय समितिका प्रमुख नरेश पोखरेलले कोरोनाको स्रोत खोजी गर्नुपर्ने भन्दै स्रोत पत्ता नलागेको अवस्थामा मात्र नियन्त्रणको थप उपाय खोज्नु पर्ने बताए ।

## बंगलादेशसँगको ....

व्यापार बंगलादेशसँग हुने गरेको छ । मकै, जुट, व्याट्री मुख्यगरी नेपाल आयात हुने गरेको छ । त्यसपछि औषधि गार्मेन्ट, आलु विरामीका लागि प्रयोग हुने प्लाष्टिक कुर्सीसमेत नेपालतर्फ बंगलादेशले निर्यात गर्ने गरेको प्रमुख भन्सार अधिकृत विश्कर्माले बताए । नेपालबाट मुसुरो दाल, फ्रुटी, हरियो तरकारी, जडीबुटीमा चिराइतो निर्यात हुने गरेको छ । बंगलादेशको राजधानी ढाकामा भएको नेपाल - बंगलादेश वाणिज्य सचिव स्तरीय वैकठले नेपालका कृषिजन्य उत्पादनसहित १ सय ८ वटा आइटमलाई 'ड्यूटी फ्रि' सुविधा दिने निर्णय गरिए पनि त्यो कार्यान्वयनको तहसम्म पुगेको छैन । बंगलादेशले नेपालका १ सय ८ वस्तुलाई भन्सार सहित सुविधा दिने र नेपालले पनि माछा, आलु चिप्स, रेफ्रीजिरेटर, वेट्री, गार्मेन्ट, प्लाष्टिकजन्य वस्तु, सिमेन्ट, टोवाको, टमटरको सस र विस्कुटलगायत ५० वस्तुमा 'ड्यूटी फ्रि' गर्ने विषयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रतिनिधि तथा बंगलादेशका वाणिज्य मन्त्रालयका प्रतिनिधिले उक्त सुविधाका लागि सम्झौतामा हस्ताक्षर गरे पनि कार्यान्वयन नभएको बताइएको छ ।

बंगलादेशमा अत्यन्तै माग भएको मुसुरो दालको निर्यात प्रत्येक वर्ष आरोलो लागेको कारणसमेत निर्यात घटेको हो । बंगलादेशसंगको व्यापारको आधा बढी हिस्सा मुसुरो दालले ओगटेको छ । खासमा मुसुरोका कारणले मात्रै नेपाल-बंगलादेश व्यापार चलेको छ । जडीवुटीको निर्यात नै कम हुन थालेको छ यसले पनि व्यापारघाटा कम भएको अनुमान नेपाली अधिकारीहरुको छ । बंगलादेश निर्यात हुने नेपाली सामानको संख्या ज्यादै न्यून छ ।

नेपाल र बंगलादेश बीचको औपचारिक व्यापार शुरु भएको दुईदशक बढी भएको छ । २०५४ भदौ १४ देखि नेपालले बंगलादेशसंग औपचारिक व्यापार थालेको हो । काँकडभिट्टा - फूलवारी - बंगलाबन्द मार्ग सञ्चालन भएको १९ वर्षमा २७ अर्व ८४ करोड ६४ लाख २० हजार वढी मुल्यको सामान निर्यात भएको छ भने, १४ अर्व ८४ करोड ३२ लाख ९१ हजार मूल्यको सामान बंगलादेशवाट आयात भएको मेची भन्सार कार्यालयको तथ्यांकले देखाउँछ ।


# सूचना

भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार गर्ने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


# सात कम्पनीलाई नेटवर्किङ व्यवसाय इजाजत



**झापा (प्रस) ।** वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागले वस्तुको प्रत्यक्ष बिक्री गर्ने (नेटवर्किङ) व्यवसाय गर्नका लागि विभिन्न सातवटा कम्पनीलाई इजाजतपत्र दिएको छ । वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन २०७४ कार्यान्वयनमा ल्याई नेटवर्किङ व्यवसायलाई वैधता दिएको हो ।

नेटवर्किङ व्यवसाय गर्नका लागि विभिन्न सातवटा कम्पनीलाई अनुमतिपत्र दिएको विभागले जानकारी दिए । विभागले आइबोस ग्लोबल इन्टरनेशनल प्रा.लि चाबहिल, नेचर हर्ब्स इन्टरनेशनल प्रालि ललितपुर कुमारीपाटी, न्यू विवेक इन्टरप्राइजेज प्रा.लि एकान्तकुना, हेल्दी लिभिङ नेपाल प्रालिलाई इजाजतपत्र दिएको छ । यस्तै, केयर मार्टस इन्टरनेसनल चाबहिल, यूटर्न इन्टरनेसनल प्रालि टोखा र ग्लोबल ओरियन्स नेपाल प्रालि बालाजुलाई कानुन बमोजिम वस्तुको प्रत्यक्ष बिक्री गर्ने व्यवसाय गर्नका लागि इजाजत प्रदान गरिएको विभागले जानकारी दिएको छ । विभागका महानिर्देशक नेत्र सुवेदीले कानुनी प्रक्रिया पूरा गरेका कम्पनीलाई व्यवसाय सञ्चालन गर्नका लागि कम्पनीलाई इजाजतपत्र दिएको जानकारी दिए । 'उपभोक्ता ठगी गर्ने नियतले गैरकानुनी ढंगले सञ्चालन गरेको पाइए तत्काल कम्पनीको इजाजतपत्र खारेज गर्छौं' उनले भने । पिरामिड ढाँचामा आधारित सञ्जालयुक्त व्यावसायिक कार्यलाई पूर्ण रूपमा निषेध गरिएको सुवेदीले जानकारी दिए । स्वदेशी उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्नका लागि विभिन्न सात कम्पनीलाई इजाजतपत्र दिएको विभागले जानकारी दिएको छ । यस कानुनले कम्पनीले नियुक्त गरेको बिक्रेताले आफू मातहत अर्को विक्रेता/सदस्यता बनाउने खालको नेटवर्कजन्य क्रियाकलापलाई पूर्ण रूपमा निषेध गरेको छ । यी कम्पनीले पेश गरेको व्यावसायिक योजनाअनुसार ट्रेडमार्क, प्राकृतिक जडिबुटी, रसायनरहित प्रांगारिक कच्चा पदार्थमा आधारित आहारपुरक वस्तु, सौन्दर्य सामग्री, सरसफाई एंव धुलाई गर्ने वस्तु, खाद्यान्न एंव दैनिक आवश्यकताका विविध वस्तुहरू बिक्री वितरण गर्ने छन् । इजाजतपत्र प्राप्त कम्पनीलाई व्यवस्थित एवं कानुनसम्मत ढंगबाट सञ्चालन गराउन र उपभोक्ताको हित संरक्षण गर्न उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा निर्देशक समिति, वाणिज्य विभाग, प्रमुख जिल्ला अधिकार वा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको जिल्ला अनुगमन समिति रहने छ । वस्तुको बिक्री गर्नका लागि ५० प्रतिशत स्वदेशी उत्पादन अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ ।

इजाजतपत्र कम्पनीहरूलाई कानुनबमोजिम समय समयमा औपचारिक निर्देशन दिएको विभागले जानकारी दिएको छ । अनलाइनबाट इजाजत प्राप्त कम्पनीको काम कारबाही अनुगमन र निरीक्षण गर्नका लागि साझेदारीमा सफ्टवेयर निर्माण गर्ने विषयमा छलफल भइरहेको विभागले जानकारी दिएको छ ।

वस्तुको बिक्रीसम्बन्धी व्यापार/व्यवसाय सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धमा विभिन्न मुलुकमा फरक फरक कानुनी व्यवस्था रहेको छ । नेपालको सामाजिक, आर्थिक अवस्था एंव उपभोक्ताको चेतनास्तर समेतलाई मध्यनजर गरी पीडामिडरहित प्रत्यक्ष बिक्रीसम्बन्धी व्यावसायिक प्रणाली सञ्चालन गर्न पाउने प्रावधान भएको ऐन तर्जुमा भएको हो । नेपालमा वस्तुको प्रत्यक्ष बिक्री वा वितरण व्यवसायलाई नियमन गरी भरपर्दो, पारदर्शी एंव प्रतिस्पर्धात्मक बनाई सर्वसाधारण उपभोक्ताको हक हित संरक्षण गर्ने उद्देश्यले वस्तुको प्रत्यक्ष बिक्री ऐन र नियमावली कार्यान्वयनमा ल्याएको विभागले जानकारी दिए । गुणस्तरहीन वस्तु बिक्री गरी उपभोक्तालाई कुनै हानी नोक्सानी भएमा त्यसको क्षतिपूर्ति वितरकले दिनुपर्ने छ ।

**पत्रपत्रिका पढ्ने बानी बसालौं ।**


# सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरूरी सुचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धीत वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ श्रावण मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सुचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनु पर्ने कागजातहरु / वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु**

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- पासफोटो साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण
- बिधुवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गा.वि.स. ले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)


विर्तामोड नगरपालिका



# हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू

ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको


सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


# खतरनाक लागुऔषधसहित एक पक्राउ

**झापा (प्रस) ।** मोरङबाट प्रहरीले खतरनाक र नयाँ प्रकृतिको लागुऔषधसहित एक व्यक्तिलाई पक्राउ गरेको छ । विश्व बजारमा महंगो र खतरनाक मानिएको मेथान्टामाइन आइस नामक लागुऔषधसहित मोरङको सुन्दरहरैंचा नगरपालिका-८ सलकपुरका ४२ वर्षीय रामप्रसाद पोखरेल पक्राउ परेको प्रहरीले जनाएको छ ।



प्रदेश १ प्रहरी कार्यालय विराटनगरका प्रवक्ता एसपी दीपक पोखरेलका अनुसार पोखरेलको साथबाट ५३० ग्राम ९३ मिलिग्राम लागुऔषध बरामद भएको छ । लागुऔषधसहित पक्राउ परेका पोखरेल उच्च घरनाका नामुद व्यवसायी भएको खुलेको छ । उनी घरजग्गा कारोबार गर्दै आएका थिए । उच्च गुणस्तरको लागुऔषध र यसका कारोबारी पक्राउ परेको प्रदेश १ कै पहिलो घटना भएको प्रहरीले जनाएको छ । यो प्रकृतिको लागुऔषध बरामद भएको र कारोबारी पक्राउ परेको नेपालकै तेस्रो घटना भएको बताइएको हो ।

विशेष सूचनाका आधारमा लागुऔषध कारोबारी पोखरेललाई पक्राउ गर्नका लागि लागुऔषध नियन्त्रण ब्युरो विराटनगर र जिल्ला प्रहरी कार्यालय मोरङको संयुक्त टोली परिचालन भएको थियो । परिचालित टोलीले विराटनगर महानगरपालिका-२ बरगाछीबाट लागुऔषधसहित कारोबारमा संलग्न पोखरेललाई मंगलबार साँझ पक्राउ गरेको हो ।

उनी कसैलाई लागुऔषध पुऱ्याउन आउँदै गरेको अवस्थामा पक्राउ परेको प्रहरीले जनाएको छ । उनको साथबाट विराटनगरमा दुई सय ग्राम २२ मिलिग्राम बरामद भएको थियो । अनुसन्धानपछि प्रहरीले सुन्दरहरैंचाको सलकपुर स्थित उनको घरमा छापा मारेर थप लागुऔषध बरामद गरेको हो । मेथान्टामाइन आइस विश्वमा दुर्व्यसनीले सबैभन्दा बढी रुचाएको केमिकल ड्रग्सभित्र पर्ने प्रहरीको भनाइ छ । यसको अन्तर्राष्ट्रिय मूल्य प्रतिग्राम ८० डलरभन्दा बढी रहेको प्रहरीको भनाइ छ । पोखरेलको कनेक्सनका आधारमा लागुऔषधको कारोबारमा संलग्न अन्यको पनि खोजी थालिएको जानकारी प्रहरीले दिएको छ ।

# इटहरी–धरान सडक विस्तारका लागि १ हजार ४३० वटा रुख काटिँदै

**झापा (प्रस) ।** इटहरी-धरान सडक विस्तारका लागि रुख काट्न सुरु गरिएको छ । चारकोशे जंगल क्षेत्रमा पर्ने सडकका दुवै किनाराका रुख गत मंगलबारबाट कटानको काम सुरु भएको हो । वन विभागले सडक विस्तारका लागि १ हजार ४ सय ३० रुख काट्ने अनुमति दिएको थियो । सोही अनुरुप धमाधम रुख काट्ने काम भइरहेको छ ।

विराटनगरको रानीदेखि सुनसरीको धरान जोड्ने व्यापारिक लोकमार्ग विस्तार परियोजनाको क्रममा चारकोशे रुख कटानको काम सुरु भएको सडक ६ लेन सडक



आयोजनाका प्रमुख बद्रीप्रसाद शर्माले बताए । तरहरादेखि धरानसम्म चारकोशे झाडीको ९ किलोमिटर सडकको काम सुरु भएको हो । तरहरादेखि धरानसम्म ४ लेनको मात्र हुने आयोजनाले जनाएको छ । सडकको दायाँबायाँ ११.५ र११.५ मिटर चौडाइमा सडक विस्तार हुनेछ । आयोजना प्रमुख शर्माका अनुसार जंगलमा ड्रेन र फुटपाथ बनाउनु नपर्ने भएको हुँदा सोही मापदण्डमा सडक विस्तार हुने भएको हो । रुख कटानबाट ४४ हजार ४ सय ४८ क्युबिक फिट काठ र ८७ चट्टा दाउरा निस्किने डिभिजन वन कार्यालय सुनसरीका सहायक वन अधिकृत गोपाल दाहालले बताए ।


# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।





भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



# पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

**औषधीको प्रयोग नगरी उपचार**

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।






सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# कोरोना बढ्दै छ

**सरकारले १२० दिनदेखिको लकडाउन अन्त्य भएको घोषणा गर्यो । हामी आज जुन मानसिकतामा लकडाउन अन्त्य भएकोमा छरपष्टिएका छौं ,यही लापरबाही नै समुदायस्तरको कोरोना संक्रमणको आधार बन्न नसक्ला भन्न सकिन्न । लकडाउन अन्त्यपछि संक्रमण घटेको र न्यून हुनु पर्ने हो । तर नेपालमा लकडाउनसँगै बढिरहेको संक्रमण घटेको छैन, झन् बढदो अवस्थामा छ । कोरोना समुदायमा फैलिसकेको अबस्था छ । ट्राभल हिस्ट्री नभएका घरैमा बसेका व्यक्तिलाई कहिले र कसरी कोरोना सर्यो स्वयं संक्रमितलाई थाहा छैन । उनले थाहै नपाई के कतिलाई भेटे अनि संगत गरे त्यसको लेखाजोखा गर्न गाह्रो छ ।**

**कोरानाको महामारीसँग लड्ने तयारी व्यवस्थित र सशक्त गरिनु पर्ने हो । नेपालमा तयारीको गति न्यून छ । लकडाउन खुलेपछिको सेवा कार्यालयहरुको तयारी अत्यन्त व्यवस्थित गर्नु पर्ने हो । सेवा कार्यालयहरुमा त आवश्यक सुरक्षाको कुनै पनि तयारी देखिदैन । कोरोनासँग लड्न लकडाउन आफैमा सावधान होइन र हुन पनि सक्दैन । अवश्य लकडाउनले संक्रमण रोक्न ठूलो भूमिका खेल्छ नै । तर निरन्तर हुने लकडाउनले मानवीय जिवन चल्न सक्दैन। वास्तवमा लकडाउन संक्रमण रोक्नको लागि आवश्यक तयारीको लागि गरिने राणनीति हो। नेपाल सरकारले यो १२० दिनको लामो लकडाउनको अवधिमा समुदायस्तरमा हुने संक्रमण रोक्नको लागि कुनै विशेष तयारी गरेको देखिदैन। आवश्यक परीक्षण किटसम्मको जोहो गर्न सकेन । समुदायस्तरमा कोरोनाको संक्रमण भयो भने यसको लागि आवश्यक तयारीमा सरकार नलाग्नु अर्को घातक अवस्था हो। न त आवश्यक परीक्षण किटकै तयारी छ न ल्याबको तयारी । न आइसोलेसन लगायतको आपतकालीन तयारी नै देखिन्छ । सरकार कहाँ छ खोज्नु पर्ने अवस्था रहेको छ । लकडाउनको न त अन्त्य भएको छ न कोरोनाको संक्रमण नै कम भएको छ । यसकारण लकडाउन कायम गरौं तर सँगसँगै पूर्ण सावधानीका साथ आर्थिक गतिविधि अगाडि बढाऔं। लकडाउनको अन्त्य होइन, लकडाउनलाई केही खुकुलो संझेर कोरोना संक्रमणबाट सावधान रहौं ।**

# अनलाइन शिक्षाको प्रभावकारिता र औचित्य ?



❖देवेन्द्र अर्याल "आँसु"

अहिले हाम्रा शिक्षक र विद्यार्थी दुवै खाले छन्– डिजिटल लर्निङ उपकरण भएका र नभएका वा त्यो प्रयोग गर्न जान्ने वा नजान्ने । त्यसैले यो अनलाइन शिक्षा प्रभावकारी बनाउन सबैभन्दा पहिले डिजिटल लर्निङ उपकरण उपलब्ध हुनु आवश्यक छ र अर्को त्यसमा शिक्षक र विद्यार्थी दुवैलाई तालिम दिएर अभ्यस्त बनाउनुपर्ने देखिन्छ ।

अहिलेको युगलाई डिजिटल युग पनि भन्न सकिन्छ । इन्टरनेटका कारण मानिसको दैनिक जीवनमा ठूलो परिवर्तन आएको छ । कठिन काम पनि सहजै पूरा गर्न सकिन्छ । पछिल्लो समयमा आएर कोरोना महामारीको कारण ई-लर्निङ तीव्र रूपमा फैलिएको छ । वेबमा आधारित शिक्षा प्रणालीलाई पछिल्लो समयमा आएर कोरोना महामारीले स्थापित गरिदिएको छ । त्यसैले वेबमा आधारित भर्चुअल कक्षाबाट पठनपाठन हुने क्रम विश्ववापी रूपमा बढेको हो । विद्यालय मात्र होइन, महाविद्यालय, विश्वविद्यालय सबैतिर अनलाइन शिक्षा सुरु भएको छ । महामारीका कारण पठनपाठन र परीक्षा प्रणालीमा पनि परिवर्तन आउनु कुनै नौलो कुरा होइन । पछिल्लो समयमा आएर त विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड १९ का कारण विश्वभरिकै पठनपाठन अवरुद्ध भएको छ । शिक्षण संस्थाहरू लामो समयदेखि खुल्न सकेका छैनन् । शैक्षिक सत्रको सुरुवातदेखि नै लकडाउनका कारण अवरुद्ध भएका शिक्षण संस्था खुलाउन पनि सकिएको छैन । स्वास्थ्य नै ठूलो धन भएका कारण महामारीबाट बच्न सरकारले नै लकडाउन थालनी गरेको हो । लकडाउन अवधिमा वैशाखको पहिलो हप्तादेखि नै कैयन् विद्यालयले अनलाइन शिक्षा पनि दिन थालेका थिए । भौतिक कक्षाको विकल्पका रूपमा अनलाइन कक्षा सुरु गरिएको भए पनि त्यो खासै प्रभावकारी बन्न सकेको देखिन्न । सरकारी र निजी क्षेत्रका सबै विद्यालयमा अनलाइन कक्षा सञ्चालन हुन नसक्दा कैयन् विद्यार्थीमा मानसिक विचलनको अवस्था पनि देखिएको छ । खासगरी उपत्यकामा अनलाइन शिक्षा प्रभावकारी भए पनि राजधानीबाहिर यो त्यति प्रभावकारी बन्न सकेको छैन । सामुदायिक विद्यालयका कैयन् विद्यार्थी त सम्पर्कबाहिर नै छन् । इन्टरनेट, ल्यापटप, मोबाइल नभएका कारण कति विद्यार्थीको घरमा एकभन्दा बढी विद्यार्थी हुँदा अनलाइन कक्षाको समय जुधेको पनि पाइन्छ, जसले गर्दा उनीहरूको पढाइ पनि प्रभावित भएको छ । अनलाइन शिक्षाका बारेमा प्याब्सनका अध्यक्ष टीका पुरीले उपत्यकाका निजी विद्यालयको अनलाइन शिक्षा सन्तोषप्रद भएको तर देशभर हेर्ने हो भने त्यो राम्रो नभएको बताउनुभएको छ । देशभरका विद्यार्थी संख्यालाई मध्यनजर गर्दा कुल विद्यार्थीमा करिब २५ प्रतिशत विद्यार्थीको मात्र अनलाइन कक्षामा उपस्थिति देखिन्छ । कति विद्यार्थी अनलाइन कक्षामा जोडिएका पनि छैनन् । यसले के देखाउँछ भने सामुदायिक विद्यालयका कैयन् विद्यार्थी अझै सम्पर्कबाहिर नै छन् ।



त्यस्तै, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका महासचिव गुणराज मोक्तानले अनलाइन कक्षा सहरभित्रका विद्यालयले मात्रै सञ्चालन गरेको र त्यो प्रभावकारी नभएको बताउनुभएको छ । ८० लाख विद्यार्थीमा १० लाख मात्र अनलाइन कक्षामा जोडिएको सचिव मोक्तान बताउनुहुन्छ । बाँकी विद्यार्थी अनलाइनमा नजोडिनुको पछाडि उनीहरूको त्यसमा पहुँच नहुन पनि सक्छ । सरकारले वैकल्पिक विधिबाट पठनपाठन सुरु गरिएको भने पनि अनलाइन कक्षाको पनि प्रभावकारिता विषयमा अध्ययन तथा अनुगमन हुन सकेको छैन । कुल विद्यार्थीको ३५ प्रतिशत विद्यार्थी अनलाइन कक्षामा सहभागी भएको सरकारी दाबी छ । अनलाइन कक्षा व्यवस्थापन वा सामग्री तयारीका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले ७ सय ५३ वटा स्थानीय तहमा विभिन्न आधारमा वर्गीकरण गरी ३ वा ४ लाख सहयोग प्रदान गरेको निर्देशक गेहनाथ गौतमले बताउनुभयो ।

लकडाउनका कारण लामो समयसम्म विद्यालय नखुलेपछि केही विद्यालयले घुम्ती कक्षा पनि सञ्चालन गरेका छन् । उनीहरूले टोलटोलमा गएर पढाउने व्यवस्था पनि मिलाएका छन् । टोलटोलमा कक्षा सञ्चालन भएका ठाउँमा स्यानिटाइजर र मास्क अनिवार्य गरिएको छ । त्यस्ता कक्षामा १० देखि १५ जनाको समूह बनाएर पठनपाठन गरिएको छ । इन्टरनेट, टेलिभिजन ल्यापटप, रेडियोजस्ता सामग्री पहुँच नभएका कारण बेलबारी नगरपालिका मोरङले यस प्रकारको विधि अवलम्बन गरेको हो । यस प्रकारको विधिबाट पठनपाठन गर्दा विद्यार्थीमा रुचि बढेको मात्र छैन, विद्यार्थी र अभिभावक सबैलाई राहत मिलेको स्थानीय अभिभावकहरूले बताएका छन् । लामो समयपछि विद्यार्थीले आफ्नो पठनपाठनलाई निरन्तरता दिन पाएकामा पनि विद्यार्थीहरू खुसी देखिन्छन् । हामीहरूले आगामी दिनमा पनि डिजिटल लर्निङलाई कायमै राख्ने हो भने त्यसका लागि विद्यार्थीलाई पढाउने सामग्रीका रूपमा डिजिटल लर्निङ उपकरण वा कार्यक्रमको व्यवस्था गर्नु पहिलो प्राथमिकतामा पर्छ । त्यस्तै शिक्षकलाई पनि डिजिटल सामग्रीको आवश्यकता पर्दछ । शिक्षक र विद्यार्थी दुवैलाई सशक्त बनाउने सर्वोत्तम उपायका रूपमा यसलाई लिन सकिन्छ । वर्तमान सन्दर्भमा डिजिटल लर्निङ शिक्षाको ज्यादै महत्व र फाइदा छ । विद्यार्थी र शिक्षक दुवैमा यसले आफ्नो दक्षता बढाउनका लागि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । तर, डिजिटल उपकरणलाई केही समयसम्म सिक्न समय त अवश्य लाग्छ नै । सबैभन्दा राम्रो शिक्षण पद्धति त त्यो मानिन्छ जुन पद्धतिमा विद्यार्थीलाई पूर्ण रूपमा दक्षता प्रदान गरी ज्ञान प्रदान गरिन्छ र त्यसका लागि उनीहरूलाई सधैँ तयार पारिन्छ ।

अहिले हाम्रा शिक्षक र विद्यार्थी दुवै खाले छन्– डिजिटल लर्निङ उपकरण भएका र नभएका वा त्यो प्रयोग गर्न जान्ने वा नजान्ने । त्यसैले यो अनलाइन शिक्षा प्रभावकारी बनाउन सबैभन्दा पहिले डिजिटल लर्निङ उपकरण उपलब्ध हुनु आवश्यक छ र अर्को त्यसमा शिक्षक र विद्यार्थी दुवैलाई तालिम दिएर अभ्यस्त बनाउनुपर्ने देखिन्छ । विद्यार्थीले यस पद्धतिबाट आफैँ धेरै कुरा सिक्न सक्छन् । इन्टरनेटबाट थुप्रै सामग्री डाउनलोड गरेर सन्दर्भका रूपमा प्रयोग गर्न सक्छन् । त्यसैले अबका दिनमा विद्यार्थी र शिक्षक दुवैले प्रविधिलाई व्यापक रूपमा प्रयोग गर्नुपर्ने देखिन्छ । शिक्षाको अनुभव ज्यादा असरदार हुन्छ, त्यसैले विद्यार्थीलाई पावर प्वाइन्ट, भिडियो प्रस्तुति वा ई-लर्निङ आदि पद्धतिद्वारा शिक्षा दिनु आवश्यक देखिन्छ । अनलाइन शिक्षालाई केवल महामारीका समयमा मात्र होइन, सामान्य समयमा पनि प्रभावकारी माध्यमका रूपमा प्रयोग गर्न सकिन्छ । यसलाई पठनपाठनसँग जोडेर प्रयोग गर्न सकेका खण्डमा यसले सिकाइ उपलब्धिमा पनि वृद्धि गर्न सक्छ । त्यसैले हरेक शिक्षण संस्थाहरूले यसको व्यापक रूपमा प्रयोगमा ल्याउनु पक्कै नै सान्दर्भिक देखिन्छ । त्यसैले अहिले हामीले अनलाइन शिक्षालाई अन्यथा नसोची एउटा उत्तम विकल्पका रूपमा र आगामी दिनमा थप सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्छौं ।

# कोरोना परीक्षणमा चुक्दै सरकार

– माधवी भट्ट
– निरञ्जन पराजुली

सरकारले कोरोना भाइरस नियन्त्रणमा सफलता पाएको दाबी गरेपनि तथ्यांक र वास्तविकता ठीक विपरीत देखिन्छ । नियन्त्रणका लागि अर्बौं खर्च गरिसकेको सरकार आम जनतालाई यसको जोखिमबाट मुक्त गर्न पूर्णतः असफल भएको छ । प्रदेश- २ को वीरगन्जदेखि राजविराजसम्मको क्षेत्र कोरोना भाइरसको नयाँ 'हटस्पट' हुने खतरा बढेको छ । प्रदेश सरकारले प्रभावकारी काम गर्न नसकेको र संघीय सरकारले पनि आवश्यक सहयोग नगरेको जनगुनासो छ । त्यो क्षेत्रमा समुदायमै कोरोना भाइरस फैलिएको आशंका छ तर यस्तो विषम परिस्थितिमा समेत राज्य अनुदार शैलीमा प्रस्तुत भएको छ ।

सुरुमा टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा मात्र सीमित कोरोना भाइरसको परीक्षण हाल ३३ वटा सरकारी प्रयोगशालामा विस्तार भइसकेको छ । तर प्रयोगशालाको संख्यात्मक विस्तारले न त परीक्षणमा गुणात्मक सुधार भएको छ, न परीक्षणको दायरा नै फराकिलो भएको छ । ती सरकारी प्रयोगशालामा विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड बमोजिम स्वास्थ्य जैविक सुरक्षा र अन्य वैज्ञानिक पूर्वाधार विरलै भेटिन्छ । कोरोना भाइरसको परीक्षण भनेको वैज्ञानिक भाषामा ' न्युक्लिक एसिड' को परीक्षण हो, जसमा यसको मात्रा (कन्सन्ट्रेसन) अनिवार्य रूपमा मापन गर्नैपर्छ । त्यसबाहेक परीक्षणमा गुणस्तर सुनिश्चित गर्न पोजेटिभ र नेगेटिभ कन्ट्रोल, हाउस किपिङ जिन पनि जाँच्नैपर्छ । तर सरकारले भाइरल 'आरएनए' को मात्रा मापन नै नगरी जनतालाई ढाँटेर परीक्षण गरिरहेको विज्ञहरूको आरोप छ ।

त्यसबाट कैयौं सम्भावित संक्रमित 'फल्स नेगेटिभ' रिपोर्टका कारण अन्योलमा रहेको आशंका छ । सम्बन्धित क्षेत्रका जानकारहरू आरएनएको ' कन्सन्ट्रेसन' मापनका लागि आवश्यक पर्ने 'नानो ड्रप स्पेक्ट्रोफोटोमिटर' वा अन्य उपकरण सरकारले हालसम्म प्रयोगमै नल्याएको दाबी गर्छन् । यस्तो अवस्थामा कसरी परीक्षणको गुणस्तर सुनिश्चित हुन्छ ? विज्ञहरूले पटकपटक परीक्षणको स्वतन्त्र अनुगमन र गुणस्तर सुनिश्चितताका लागि छुट्टै संयन्त्र बनाउन सरकारलाई घचघच्याए पनि सुनुवाइ भएको छैन । मन्त्रालयमा भएको त्यस्तै नाम मिल्ने शाखालाई देखाएर सरकार पन्छिएको छ । हाल वीर, टिचिङ, पाटन, केएमसी र स्टार अस्पतालमा ५ हजार ५ सय रुपैयाँ तिरेर कोरोना भाइरस परीक्षण गर्न सकिन्छ । परीक्षणका लागि चारवटा निजी प्रयोगशालालाई अनुमति दिए पनि सरकारले स्याम्पल नै उपलब्ध नगराएका कारण काम सुरु हुन सकेको छैन । निजी प्रयोगशालालाई पनि स्याम्पल कलेक्सन गर्ने अधिकार छैन । कमिसनको चक्करले गर्दा यस्तो भएको सुनिन्छ । सरकारी अधिकारीले प्रतिस्याम्पल १ हजारदेखि १५ सय रुपैयाँसम्म कमिसन मागेको निजी प्रयोगशाला स्रोतको आरोप छ । त्यसो त सरकारले प्रतिस्याम्पल परीक्षण शुल्क ५ हजार ५ सय तोक्नु नै गलत देखिन्छ । मलिक्युलर बायोलोजीमा लामो समय काम गरेका विज्ञ र स्वास्थ्य सामग्रीका ठेकेदारहरूका अनुसार, ' आरएनए' निकाल्ने अमेरिकी कम्पनीको परीक्षण किटको प्रतिस्याम्पल जम्मा ४ सय र 'रियल टाइम पीसीआर' मा प्रयोग हुने अर्को परीक्षण किटको प्रतिस्याम्पल १ हजार ७ सय रुपैयाँ पर्छ । त्यसमा प्रचलित नियमअनुसार २० प्रतिशत नाफा जोड्दासमेत प्रतिव्यक्तिको कोरोना भाइरस परीक्षणमा २ हजार ५ सयभन्दा बढी पर्दैन । सरकारले शतप्रतिशतभन्दा बढी परीक्षण शुल्क तोकेर राज्यकोषको दोहन गरेको छ । यसलाई 'लुटलाई छुट' नभनेर के भन्ने ? विगतमा प्रयोगशालामा रियल टाइम पीसीआर र परीक्षणविज्ञको अभाव थियो भने, हाल मुख्य समस्या स्याम्पल कलेक्सनमा देखिएको छ । विज्ञहरूका अनुसार, ९६ वटा स्याम्पल राख्न मिल्ने रियल टाइम पीसीआरमा ६ वटा कन्ट्रोल स्याम्पल राखे पनि एकपटकमा ९० वटा 'टेस्ट स्याम्पल' परीक्षण गर्न सकिन्छ र पैंतालीस मिनेटदेखि एक घण्टाभित्र उक्त मेसिनमा परीक्षण सकिन्छ । यसरी हिसाब गर्दा ९० वटा स्याम्पल परीक्षण गर्न (स्याम्पल तयारीका लागि केही थप समय छुट्याउँदा समेत) कम्तीमा तीन घण्टामा रिजल्ट आउनुपर्ने हो । विडम्बना, आमजनताले परीक्षणको नतिजा पाउन कैयौं दिन कुर्नु परिरहेको छ । पाँच महिनासम्म एउटै घटना र परिवेशमा रुमल्लिएर बस्नु स्वास्थ्य मन्त्रालयको लापरबाहीको पराकाष्ठा हो । यति लामो समयमा सरकारले देशमा उपलब्ध जनशक्तिलाई वैज्ञानिक तालिम दिएर मानवपुँजीको अधिकतम उपयोग गर्न सक्थ्यो तर त्यसतर्फ ध्यानै जान सकेन ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र वैज्ञानिक शोधका अनुसार, समूह बनाएर सिफ्टमा चौबीस घण्टा काम गर्दा एउटा पीसीआर मेसिनबाट एक दिनमा कम्तीमा ७२० वटा कोरोना भाइरसको प्रयोगशाला परीक्षणको रिजल्ट आउनुपर्ने हो । यस अर्थमा हाल नेपालमा भएका ३३ वटा सरकारी प्रयोगशाला र देशभरिका करिब ७५ वटा रियल टाइम पीसीआरबाट दैनिक ५४ हजार परीक्षण हुनुपर्ने हो । तर स्वास्थ्य सामग्री खरिद मात्र होइन, स्याम्पल कलेक्सनको जिम्मा र नियन्त्रणसमेत स्वास्थ्य मन्त्रालयले लिएका कारण दिनमा राष्ट्रिय क्षमताको १० प्रतिशतभन्दा कम अर्थात् करिब ४ हजार पीसीआर परीक्षणमा सरकार अल्झिएको छ । यसमा राजनीतिक हस्तक्षेप यतिसम्म देखिन्छ, स्वास्थ्य सेवा विभागको इपिडेमियोलोजी रोग नियन्त्रण महाशाखाको कामसमेत सीधै मन्त्रीको सचिवालयले प्रत्यक्ष ह्यान्डल गरेको बुझिन्छ । स्वास्थ्यमन्त्रीको यस्तो चरित्र र प्रवृत्तिले राज्य सञ्चालनमा खडा गरिएका प्रशासनिक संरचनाको औचित्यमा समेत गम्भीर प्रश्न उठेको छ ।

यसबीच कोभिड-१९ सम्बद्ध आठ वटाजति रिट सर्वोच्च अदालतमा परे । तर, अदालतबाट आम अपेक्षा र आवश्यकताबमोजिम आदेश जारी हुन सकेन । तथापि पीसीआर परीक्षणको दायरा बढाउने, क्वारेन्टिनमा भएकाको पीसीआर परीक्षण गर्ने र परीक्षण निःशुल्क गर्नुपर्नेजस्ता विषयमा आदेश भए पनि सरकारले सोको पालना गरेको भेटिँदैन । 'कोभिड-१९ नियन्त्रण तथा रोकथाम उच्चस्तरीय समन्वय समिति' निष्प्रभावी भएको ठहर गर्दै उक्त समितिमा मलिक्युलर बायोलोजी, माइक्रोबायोलोजी र बायोटेक्नोलोजीका विषयगत विज्ञ समावेश गर्न रिट दर्ता भए पनि सर्वोच्च अदालतले आदेश जारी गरेन । त्यसैगरी परीक्षणको दायरा बढाउन नेपालमा स्नातकोत्तर तहमा मेडिकल माइक्रोबायोलोजी र बायोटेक्नोलोजी अध्ययन गरेकालाई समावेश गरियोस् भन्ने मागसहित सर्वोच्च अदालतमा परेको रिट खारेज भयो । नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले मेडिकल माइक्रोबायोलोजी र बायोटेक्नोलोजी अध्ययन गरेकालाई कोरोना भाइरस परीक्षणको अनुमति दिएको छैन । परिषद्ले पेसागत सिन्डिकेट जारी गरेको विषय न त अदालतले बुझ्यो, न स्वास्थ्य मन्त्रालयले । स्मरण रहोस्, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् भने मेडिकल माइक्रोबायोलोजी अध्ययन गरेकाले स्वास्थ्य प्रयोगशालामा काम गर्ने अनुमति पाउनुपर्ने पक्षमा उभिएको छ । उसले केही वर्षअगाडि यस्तै बेहोराको पत्र सर्वोच्च अदालतलाई पठाएको थियो । हाल मेडिकल माइक्रोबायोलोजी अध्ययन गरेका र ६ महिना अस्पतालमा इन्टर्नसिपसमेत गरेका करिब ५ सय दक्ष जनशक्ति बेरोजगार छन् । तिनलाई कोरोना भाइरसको परीक्षणमा लगाउनुको साटो मानिसले सजिलै गर्न सक्ने आरएनए आइसोलेसन गर्ने कामका लागि ७ करोड खर्चेर सरकारले बरु मेसिन नै खरिद गर्‍यो । केही सञ्चारमाध्यमले कुरै नबुझी यसलाई 'अटोमेटिक पीसीआर' मेसिन भनेर गलत प्रचारसमेत गरे । विडम्बना, सत्तापक्ष, प्रतिपक्षका केही नेता र सञ्चारकर्मीले भाइरसको प्रयोगशाला परीक्षणको ज्ञातालाई पनि चिकित्सक भनेर गलत बुझिदिँदा नेपाली समाज अझैसम्म पनि सही समस्या पहिचानमा अल्झिएको छ । जबकि नेपालमा पढाइ हुने एमबीबीएस शैक्षिक कार्यक्रम यति पुरानो छ, त्यसमा मलिक्युलर बायोलोजी पढाइ नै हुँदैन । त्यसैले भाइरसको परीक्षण वा न्युक्लिक एसिडको बायोलोजी नै अध्ययन नगरेका चिकित्सकलाई नै उपचारको मात्र नभई अनुसन्धान र व्यवस्थापनको समेत विज्ञ ठान्नु स्वास्थ्य मन्त्रालयको ऐतिहासिक भूल हो । कोरोना नियन्त्रणमा पहिचान, उपचार र व्यवस्थापन उत्तिकै जिम्मेवार हुन्छ भन्ने भेउ नपाउने राजनीतिक दलका नेताहरू पनि कम दोषी छैनन् । यस्तै कमजोरीका कारण कोरोना भाइरस परीक्षणको दायरा फराकिलो हुन नसकेको हो ।

वास्तवमा सरकारले कोरोना भाइरसको परीक्षण मात्र होइन, देशमा संक्रमणको वैज्ञानिक अर्थ पहिचान गर्न अनुसन्धान गर्नुपर्छ, तर त्यसतर्फ प्रगति भएकै छैन । आफ्नै अनुसन्धानशाला (प्रयोगशाला) नभएको नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले यसमा अनुसन्धान गर्ने भनिए पनि अझै सोको रूपरेखा सार्वजनिक भएको छैन । दक्षिण एसियामा भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका लगायतले कोरोना भाइरसको 'जेनम सिक्वेन्सिङ' गरेर त्यसमा देखिएको जैविक परिवर्तनलाई उजागर गरेका छन् । बंगलादेशमा देखिएको कोरोना भाइरस इटालीमा देखा परेको भाइरससँग मिल्दोजुल्दो भएको बताइएको छ । पाकिस्तानमा देखिएको कोरोना भाइरस चीनमा देखा परेको भाइरससँग मिल्दोजुल्दो भएको बताइएको छ । श्रीलंकामा चार प्रकारका कोरोना भाइरसका प्रजाति भेटिएको अनुसन्धानले बताएको छ । भाइरसबाट हुने रोगको निदान र औषधि विकासमा यस्तो अनुसन्धानको विशिष्ट भूमिका हुन्छ । नेपालको तराई क्षेत्रमा समुदायमा हाल कोरोना भाइरस फैलिएको आशंका गरिएको छ र सोको वैज्ञानिक पहिचानका लागि सयौं कोरोना भाइरसको जेनम सिक्वेन्सिङ गर्नुपर्छ । सिक्वेन्सिङ नगरी भाइरसमा हुने जेनेटिक म्युटेसन पत्ता लगाउन सकिँदैन । र, यो काम त्यति महँगो पनि छैन । हाल काठमाडौंका केही निजी प्रयोगशालामै 'नेक्स्ट जेनेरेसन सिक्वेन्सिङ' उपलब्ध छ तर सरकारले त्यसकोपहिचान र वैज्ञानिक अर्थ बुझ्न सकेन । तथापि सरकारी स्वीकृतिबेगर सुरुको पहिलो नेपाली संक्रमितको कोरोना भाइरसको जेनम सिक्वेन्सिङ सिंगापुरमा गरेर जर्नलमा प्रकाशित गरिएको थियो । सरकारले चार महिना लामो लकडाउन समाप्त गरे पनि कोभिड-१९ को जोखिम सकिएको भने होइन । यसै साता विश्वमा सबैभन्दा बढी अर्थात् एकै दिन साढे २ लाख नयाँ संक्रमित भेटिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले पुष्टि गरेका छन् । नेपालको अवस्था पनि योभन्दा फरक देखिँदैन । परीक्षण नै कम भएर संक्रमितको यथार्थ संख्या पहिचान नभएको हो । लकडाउनपछिको नयाँ चुनौतीलाई सम्बोधन गर्न नयाँ रणनीति खोज्न ढिला भइसकेको छ । ***(मलिक्युलर बायोलोजीमा अनुसन्धान गरेका पराजुली त्रिविमा रसायनशास्त्रका प्राध्यापक हुन् । भट्ट नेपाली कांग्रेसले गठन गरेको कोरोना अनुगमन समिति सदस्य हुन् )***

# म्याद गुज्रिएको स्मार्ट लाइसेन्स वितरण

**झापा (प्रस) ।** स्मार्ट लाइसेन्स लिन चार वर्ष पहिला आवश्यक राजस्व तिरेर यातायात व्यस्था कार्यालय इटहरीमा लाइसेन्स नविकरण गर्न दिएका विराटनगर-४ का रेवतबहादुर खड्काको लाइसेन्स हातमा पर्नु पहिले नै म्याद सकिएको पाइएको छ ।

लाइसेन्स नविकरण गर्न दिएपछि उनले चार वर्षमा २७ पटकसम्म कार्यालयमा पुगेर आफ्नो लाइसेन्स आए-नआएको ताकेता गरे । हरेक पटकको ताकेतामा कार्यालयका कर्मचारीले आइनपुगेको बताए । कार्यालयमा लाइसेन्स आएको जानकारी पाएपछि उनले बिहीबार ०१-०२-००४६८८५१ नम्बरको आफ्नो लाइसेन्स यातायात कार्यालयबाट लिए तर उक्त लाइसेन्सको म्याद २०१९ मे १८ मा सकिएको उल्लेख गरिएको छ ।

खड्काले भने, 'मेरो लाइसेन्स त हात पर्नु पहिला नै रिन्यु फेल भइसकेछ । मोटर साइकलसहित साना सवारी साधान जीप, कार, ट्याक्सी कुदाउन पाउने उनको लाइसेन्स चार वर्ष पहिला रिन्यु फेल भएर दुई हजार रुपैयाँ राजस्व तिरेर रिन्यु गर्न दिएका थिए । बिहीबार लाइसेन्स हात पर्ने बित्तिकै खड्काले फेरि रिन्यु गर्न दिए । त्यसबेला कार्यालयले उनलाई दुई सय प्रतिशत जरिवाना दुई हजार राजस्व तिर्दा पुग्नेमा ६ हजार रुपैयाँ तिरायो । खड्काले भने, 'यो त डकैती नै भो नि । रिन्यु गर्न दिएको लाइसेन्स कार्यालयले साढे चार वर्षसम्म नदिएर म्याद गुज्रिएपछि दिने अनि उल्टै दुई सय प्रतिशत जरिवाना लिने यो कुन कानुन हो । यो त आफै धामी आफै झाँक्री जस्तो भयो ।'

उर्लावारीका विष्णु घिमिरेले पनि यातायात कार्यालयबाट बिहीवार नै एक वर्ष पहिला नै म्याद सकिएको स्मार्ट लाइसेन्स हात पारे । ०१-०२-००६०४२०० नम्बरको उक्त लाइसेन्सको म्याद एक वर्ष पहिला नै सकिएको उल्लेख छ । 'मैले पनि पाँच वर्ष पहिला लाइसेन्स रिन्यु गर्न कार्यालयमा छाडेको थिए । बीचमा बारम्बार ताकेता गर्दा कर्मचारीले तपाईंको लटको लाइसेन्स प्रिन्ट नै भएको छैन भन्ने जवाफ दिए' उनले भने । उनले पनि फेरि रिन्यु गर्न दिँदा ६ हजार तिर्नुपर्‍यो । यातायात कार्यालय परिसरमा भेटिएका ट्याक्सी चालक सुरेन्द्र चौधरीले भने, 'लाइसेन्स रिन्यु गर्न दिएको चार वर्ष बित्यो , अहिलेसम्म आएको छैन ।' यातायात कार्यालयले दिएको रसिद देखाउँदा ट्राफिक प्रहरीले दुःख दिन गरेको उनले बताए ।

लकडाउनको समयमा लाइसेन्सको म्याद गुज्रिएका सेवाग्राहीलाई पनि यातायात कार्यालय इटहरीले जरिवाना गरेको पाइएको छ । २०७६ चैतसम्म लाइसेन्सको म्याद भएका विराटनगर-४ का महोमद उजीरलाई गत बिहीबार लाइसेन्स रिन्यु गर्न दुईसय प्रतिशत जरिवाना लिएको छ । ०२६३२९६ नम्बरको उनको लाइसेन्सको म्याद २०७६ चैत १ गतेसम्म उल्लेख छ । जुनसुकै लाइसेन्सको म्याद सकिएको ९० दिनसम्म मान्यता दिने प्रचलन छ । तर त्यही समयमा लकडाउन सुरु भयो । उजीरले भने लकडाउन खुलेपछि बिहीबार लाइसेन्स रिन्यु गर्न जाँदा एक हजार राजस्व लाग्ने ठाउँमा तीन हजार तिर्नुपर्‍यो । लकडाउनको समयमा सरकारले कसैलाई पनि जरिवाना नलिने भनेको थियो ।

पहाडी जिल्ला तेह्रथुम, संखुवासभा, खोटाङ, ओखलढुङ्गा, भोजपुरबाट आएका सेवाग्राही यो कार्यालयबाट बढी प्रभावित भएको पाइएको छ । भोजपुर कुलुङका नविन राई लाइसेन्स नविकरण गर्न दिएको दुई वर्ष बित्दापनि अझै हात नपरेको गुनासो गर्छन् । '१५ पटक लाइसन्सको लागि धाएँ । हरेक पटक आउँदा र जाँदा दुई हजार भन्दा बढी रकम खर्च हुन्छ,' उनले भने, 'लाइसेन्स नविकरण गर्न दिएदेखि अहिलेसम्म धाउँदा ३० हजार खर्च भइसक्यो तर लाइसेन्स आएको छैन ।'

'हामी लाइसेन्स वितरण मात्र गर्छौं । विभागले प्रिन्ट गर्ने हो ।,' कार्यालयका निमित्त प्रमुख निर्मल मानन्धरले भने, 'विभागले प्रिन्ट गरेर निकै ढिलो पठाउँदा अधिकांश सेवाग्राहीको लाइसेन्सको म्याद नै सकिएको पनि पाइएको छ । त्यसमा पनि प्रतिलिपी निकाल्ने बढी पीडित छन् ।' विभागले ढिलो प्रिन्ट गरेर एकैचोटी ठूलो परिमाणमा लाइसेन्स पठाइदिँदा वितरण गर्नसमेत समस्या भएको उनले बताए । 'यो कार्यालय प्रदेश मातहतको हो । तर संघको निगाहमा चल्नु परेको हो,' मानन्धरले भने, 'अहिले पनि संघको सफट्वेयरले चल्नु पर्दा जवाफदेहिता नहुँदा समस्या छ ।' छिट्टै प्रदेश नियन्त्रित सफ्टवेयरको प्रयोग गर्ने तयारी भइरहेको पनि उनले बताए । उनले भने, 'त्यसपछि केही सुधार होला ।'

# वन्यजन्तु पीडितलाई दिइने राहत वृद्धि हुन्छ : प्रधानमन्त्री

**बिर्तामोड (प्रस) ।** प्रधानमन्त्री केपी शर्मा ओलीले वन्यजन्तुबाट पीडित परिवारलाई दिइने राहत रकमलाई समय सापेक्ष रुपमा वृद्धि गर्ने बताएका छन्। बाघ दिवस( २०२० को उपलक्ष्यमा एक सन्देश जारी गर्दै उनले पीडितलाई राहत वितरण प्रक्रियालाई सरलीकृत गरिने स्पष्ट पारेका छन् ।

सन् २०२२ सम्ममा बाघको संख्यालाई दोब्बर बनाउन नेपाल सरकार पूर्ण रुपमा प्रतिवद्ध रहेको उल्लेख गर्दै उनले बाघको संख्या बढ्दै गर्दा बाघसँग द्वन्द्व बढ्न सक्ने सम्भावना रहेको धारणा राखेका छन् । 'सकेसम्म बाघ र स्थानीय समुदाय बीच द्वन्द्व नहुने गरी बाघ पाइने राष्ट्रिय निकुन्जको व्यवस्थापन गर्नुपर्ने हुन्छ।'

ओलीले भनेका छन्, 'आउँदा दिनमा राज्यले वन्यजन्तुबाट पीडित परिवारलाई दिइने राहत रकमलाई समय सापेक्ष रुपमा वृद्धि गर्नेछ, राहत वितरण प्रक्रियालाई सरलीकृत गर्नेछ । द्वन्द्व पीडित परिवारलाई लक्षित गरी संरक्षणका कार्यक्रम संचालन गर्नका लागि सम्बन्धित सबै पक्षलाई म हार्दिक आव्हान गर्दछु ।'

बाघको चोरी शिकारी रोक्न र बाघका अंगको अवैध व्यापार नियन्त्रण गर्नका लागि प्रभावकारी रुपमा कानूनको कार्यान्वयन गर्नुपर्ने आवश्यकता औल्याएका छन् । सन्देशमा भनिएको छ, ' जलवायु परिवर्तनका जोखिम र कोभिड-१९ जस्ता महामारीबाट बाघ पनि अछुतो छैन् जलवायु परिवर्तनका जोखिमबाट बाघलाई बचाउनका लागि पारिस्थितिकीय प्रणालीमा आधारित बासस्थान व्यवस्थापन गर्नुपर्ने हुन्छ, मुख्यगरी बाघको आहरा प्रजातिका लागि आवश्यक पर्ने घाँसेमैदान र सिमसार लगायतका पानीका स्रोतहरुको दिगो संरक्षणमा विशेष ध्यान दिन सम्बन्धित पक्षलाई आव्हान गर्दछु ।'

ओलीले अहिले कोभिड-१९ ले गर्दा नेपालको पर्यटन व्यवसाय संकटमा परेपनि भोलिका दिनमा प्रभावकारी संरक्षण गर्न सक्दा बाघ हेर्नका लागि पनि विदेशी पर्यटक आउने बताएका छन् । ' बाघ पाइने राष्ट्रिय निकुन्जमा विदेशी पर्यटकको आकर्षण हुने भएको हुँदा बाघलाई आर्थिक विकास र समृद्धिको आधारका रुपमा पनि लिन सकिन्छ ।' उनले भनेका छन् , 'बाघ नेपालको पहिचान भएको र यसको संरक्षणमा मात्र नेपालीको शान झल्कनेमा म पूर्ण विश्वस्त छु । मानव जातिको अस्तित्वको लागि पनि बाघ जोगाउनुको अर्को विकल्प हामीसँग छैन ।'

उनले प्रकृति संरक्षण गर्न अन्तर ाष्ट्रिय समुदाय, नागरिक समाज र निजी क्षेत्रलाई पनि सँगैसँगै लानुपर्ने धारणा राखेका छन् । सन्देशमा भनिएको छ, 'स्वाभाविक रुपमा प्रकृति संरक्षण महँगो छ, तर पनि दीर्घकालीन लाभ र स्वच्छ वातावरणका लागि लगानी बढाउनुको विकल्प छैन । राज्य आफैँले सबै प्रकृति संरक्षणका कार्य गर्न सम्भव छैन । त्यसका लागि अन्तर्राष्ट्रिय समुदाय, नागरिक समाज र निजी क्षेत्रलाई पनि सँगैसँगै लानुपर्ने हुन्छ ।'

प्रधानमन्त्री ओलीले आर्थिक एवं प्राविधिक सहयोग जुटाई बाघ संरक्षणमा टेवा पुराउनु हुने संघसंस्थाहरु मुख्यगरी राष्ट्रिय प्रकृति संरक्षण कोष, विश्व वन्यजन्तु कोष र जुलोजिकल सोसाइटी अफ लण्डन लाई धन्यवाद दिएका छन् ।

बाघ पाइने १३ देशका सरकार प्रमुखहरूले सन् २०२२ सम्ममा बाघको संख्या दोब्बर बनाउने प्रतिवद्धता गरे अनुरुप नेपाल सरकारले तराईका पाँच वटा राष्ट्रिय निकुन्जलाई समेटेर भू-परिधीय स्तरमा स्थानीय समुदाय र सरोकारवालाहरुसँग समन्वय गरी बाघ संरक्षणका गतिविधि संचालन गर्दै आएको छ ।

# धरानमा राहत वितरण

**धरान (प्रस) ।** सामाजिक अभियन्ता छिरिङ राप्के लामा (न्यूयोर्क) र विजय बस्नेत (टेक्सास) तथा घ्यालसुम्दो सेवा संस्था अमेरिकाको सहयोग तथा ग्रामीण क्लब हाउस, इटहरी सुनसरीको आयोजनामा धरानका ४१ परिवारलाई खाद्यान्न वितरण गरिएको छ । धरानका ८, ११, १७ र १९ नं वडाका कोरोनापीडित, बाढीपीडित र अतिविपन्नहरुलाई राहत वितरण गरिएको ग्रामीण क्लब हाउस, इटहरीका महासचिव धर्मप्रसाद सुवेदीले बताए ।

नेपाली कांग्रेसका सुनसरी सचिव एवम् प्रवक्ता सुजेन्द्र तामाङको प्रमुख आतिथ्यमा राहत वितरण सम्पन्न गरिएको उनले बताए । तामाङले सहयोग गर्ने सामाजिक अभियन्ताद्वय छिरिङ राप्के लामा, विजय बस्नेत र न्यूयोर्क अमेरिकास्थित घ्याल्सुम्दो सेवा संस्था तथा राहत व्यवस्थापन गर्ने हाल अमेरिकामा रहेका ग्रामीण क्लब हाउस इटहरीका अध्यक्ष मुकुन्द सुवेदीलाई विशेष धन्यवाद दिएका छन् ।

राहत वितरण कार्यक्रममा नेपाली कांग्रेसका धरान नगर सहसचिव पञ्चकला राई, ११ नं. वडा सभापति लोकेन्द्र फागो, १७ नं. वडा सभापति पुष्पा राई, ८ नं. कोषाध्यक्ष विष्णु मोक्तान, क्षेत्रीय प्रतिनिधिहरु राम तामाङ, तिलक सुनुवार, युवा नेतहरु रोशु रेग्मी, गोपाल कार्की, तरुण दलका नेता नरसिंह राई, जी.पी. फाउण्डेसन सुनसरीका सदस्य राजु साह, टोल विकास समितिका अध्यक्ष सूर्य तामाङलगायतको उपस्थिति रहेको थियो ।

# पुरानो सुनका गहना बिक्री गर्न यो उत्तम समय

**झापा (प्रस) ।** पछिल्लो समय विश्व बजारमा सुनको भाउले हरेक दिन नयाँ रेकर्ड कायम गरेको छ । नेपाली बजारमा पनि सुनको भाउ बढेर तोलाकै एक लाखको हाराहारी पुग्न थालेको छ । चुलिँदो मूल्यका कारण सुनको बजार इतिहासमै पहिलोपटक ब्यापार नकारात्मक बनेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

व्यवसायीबाट सुन किन्न आउने उपभोक्ता अहिले व्यापारीलाई सुन बिक्री गर्न आईरहेका छन् । नेपालभरिकै पसलले अहिले दैनिक १० देखि १५ किलो हाराहारी ग्राहकको पुरानो सुनका गहना खरिद गरिरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष मणिकरत्न शाक्यले बताए । 'सामान्य अवस्थामा साउनको महिना दैनिक सोही मात्रामा सुन व्यवसायीले उपभोक्तालाई बिक्री गर्दथे, तर अहिले ठ्याक्कै उल्टो भएको छ,' वरिष्ठ उपाध्यक्ष शाक्यले भने ।

सुन किन्ने ग्रहक ठप्प हुँदा सुन फिर्ता गर्नेको संख्या भने उल्लेख्य रुपमा बढेको महासंघका महासचिव धर्मसुन्दर बज्राचार्य बताउँछन् । 'मूल्य बढेपछि फर्ता बिक्री स्वाभाविक रुपमा बढेको छ, तर मूल्य बढ्ने क्रम नरोकिएकाले केही ग्राहक अझै 'पर्ख र हेर'को अवस्थामा रहेको जस्तो बुझिन्छ,' महासचिव बज्राचार्यले भने ।

**फिर्ता बिक्री सुनको भुक्तानी सातापछि**

सुन बिक्री गर्न आउने ग्राहक बढेपछि नगद अभावमा व्यवसायीहरुले ग्राहकलाई फिर्ता सुन बिक्रीको पैसा लिन एक साताको म्याद तोकिदिएका छन् । देशभरि लागू हुनेगरी किस्तामा वा बिल लिएर एक सातामा ग्राहकले पैसा पाउनेगरी नेपाल सुन चाँदी व्यवसायी महासंघले सर्कुलर जारी गरेको छ ।

उच्च मूल्य भएकाले एकै पटक रकम दिन पसलले नसक्ने भएकाले किस्तामा पैसा दिन सकिने गरी व्यवस्था गरिएको महासंघका वरिष्ठ उपाध्यक्ष मणिकरत्न शाक्यले बताए ।

**फिर्ता सुन खरिद-बिक्री कसरी हुन्छ ?**



नेपाली व्यवसायीहरुले दुई प्रकारले सुन बिक्री गरेको महासंघले जनाएको छ । पहिले बनेका गहनामा रसायन मिसाइएको हुने र अहिले ९९ प्रतिशत शुद्ध सुनको गहना बनाइने गरिएको छ । महासंघले बनाएको कार्यविधिअनुसार रसायनयुक्त गहना बढीमा १० प्रतिशत र रसायन नभएको ९९ गुणस्तरको सुनमा पहिलेको मूल्यभन्दा पाँच प्रतिशत मूल्य कटौती हुनेछ ।

उपभोक्ताले बिक्री गरेको सुन पसलेले गालेर शुद्ध सुन बनाईसकेपछि त्यसको तौल लिएर अहिलेको मूल्यमा ५ देखि १० प्रतिशत (सुनको प्रकृतिअनुसार) ग्राहकले मूल्य पाउने महासंघका महासचिव धर्म सुन्दर बज्राचार्य बताउँछन् ।

**पुरानो गहना बिक्री गर्ने समय हो ?**

सन् २०१९ जुलाई २३ मा सुनको अन्तर्राष्ट्रिय बजार मूल्य प्रतिऔंस १४२५.५५ डलर थियो तर सन् २०२० को जुलाई २८ मा प्रतिऔंस मूल्य १९२६.८० डलर (यो समाचार तयार गर्दासम्म) कायम भएको अमेरीकी सुनको मूल्य तोक्ने संस्था वालस्ट्रेटले जनाएको छ । कोरोना महामारीले गर्दा सुनमा लगानीकर्ता झुम्मिँदा अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य अझै बढ्न सक्ने आँकलन गरिएको छ । अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्यको प्रभाव प्रत्यक्ष रुपमा नेपालमा देखिने भएकाले सुनको नेपालमा भाउ अझै बढ्न सक्ने आँकलन गरिएको छ ।

अत्यावश्यक गर्जो टार्नका लागि बिक्री गरिने सुनबाट अहिले पनि ग्राहकलाई तोलामै धेरै रकम फाइदा छ, तर अझै धेरै नाफाका लागि भने केही समय धैर्य गर्न पर्ने अन्तर्राष्ट्रिय घटनाक्रमले देखाएको छ । किनकी अझै सुनको मूल्य उकालो लाग्ने क्रममै देखिएको छ । मंगलबार नेपाली बजारमा सुन प्रतितोला ९८ हजार दुई सय रुपैयाँमा कारोबार भइरहेको छ ।

# घिमिरेको संस्कृत भाषाको गीत सार्वजनिक



**झापा (प्रस) ।** झापा भद्रपुर निवासी ज्ञानु घिमिरेले संस्कृत भाषाको गीत सार्वजनिक गरेका छन् ।दिपक बज्रचार्यले गाएको गीत 'मायाको डोरीले 'लाई घिमिरेले संस्कृत भाषामा आफ्नो स्वर दिएका हुन् । विभिन्न भाषाका गीतहरु सार्वजनिक भएपनि संस्कृत भाषामा अनुवाद गरिएको यो पहिलो गीत भएको गायक घिमिरेको दावी छ । नेपाली चर्चित गीतहरुलाई संस्कृत भाषामा अनुवाद गरी संस्कृत भाषालाई संरक्षण गर्ने उदेश्य स्वरुप आफुले उक्त गीत गाएको घिमिरेले बताए ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

आवश्यकता
सेक्युरीटी गार्ड :
80 जना(महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ् गराइन्छ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड, भद्रपुर रोड
फोनः ०२३-५४३००३, ५४६६१४
९८०१४१६८४०, ९८०१४१६८४१,
९८५२६७३९५५

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१[illegible]

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : स्वास्थ्य र अर्थका हिसाबले दिन कमजोर रहनेछ। अवसरका लागि केही त्याग गर्नुपर्ला ।
**वृष** : हडबडले काम बिग्रनेछ भने धैर्य एवं मेहनतले मनग्य आम्दानी दिलाउनेछ ।
**मिथुन** : स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ ।
**कर्कट** : श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ ।
**सिंह** : परिस्थिति प्रतिकूल देखिए पनि जोगिएर काम गर्नुपर्ने समय छ ।
**कन्या** : ध्ययनमा प्रगति हुनेछ। लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्न सक्छ ।
**तुला** : परिस्थितिवश केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।
**वृश्चिक** : आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका गुमाउनुपर्ला ।
**धनु** : केही विवादास्पद भूमिका निर्वाह गर्नुपर्ला । तापनि प्रयत्न गर्दा सामान्य काम सम्पादन हुनेछ ।
**मकर** : खर्च लागे पनि काम बन्नेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ला ।
**कुम्भ** : मिहिनेतको परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन बाट धन आर्जन हुनेछ ।
**मीन** : घरेलु काममै अलमलिनाले ठूलो उपलब्धि नहुन सक्छ ।